# हतवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १०　　　　　　सङ्ख्या : ०१　　　　　　मिति : २०८३/०३/१०


## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ।

गाउँ सभाबाट स्वीकृत मिति: २०८३/०३/१०

# हतुवागढी गाउँपालिकाको नीति तथा कार्यक्रम, २०८३

# "समतामूलक समाज र समुन्नत हतुवागढी: कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि"

हतुवागढी गाउँपालिका, गाउँ सभाको १९ औँ अधिवेशनमा अध्यक्ष श्री प्रेमकुमार राईले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम २०८३

**गाउँसभाबाट स्वीकृत मिति: २०८३/०३/१०**

हतुवागढी राजपत्र

**हतुवागढी गाउँपालिका**

**घोडेटार, भोजपुर**

**"समतामूलक समाज र समुन्नत हतुवागढी:**
**कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि"**

# वार्षिक नीति तथा कार्यक्रम - २०८३/०८४

**गाउँसभाका उपाध्यक्ष ज्यू,**
**सभामा उपस्थित सम्पूर्ण सभा सदस्य ज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी एवम् उपस्थित सम्पूर्ण महानुभावहरु,**

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीयतामा प्रवेश गरे पछिको स्थानीय तहको ऐतिहासिक दोस्रो कार्यकालको लागि २०७९ बैशाख ३० गते निर्वाचन सम्पन्न पश्चात ४ वर्षको अवधि व्यतित गरी गाउँसभाको १९ औँ अधिवेशनको पहिलो बैठकमा उपस्थित छौँ। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभारसहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, २००७ साल, २०३६ साल, २०४६/४७ साल, लोकतन्त्र र गणतान्त्रिक २०६२/०६३ साल, राजनीतिक अग्रगमन, संघीयता र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरु साथै पछिल्लो पुस्ताको २०८३ भाद्र २३ र २४ मा भएको Gen-Z आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२०६२-६३ को ऐतिहासिक जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्न जनताबाट निर्वाचित प्रतिनिधिले बनाएको नेपालको संविधान, २०७२ मा व्यवस्था भए बमोजिम केन्द्र, प्रदेश र स्थानीय तहको नयाँ संरचनामा ७५३ स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारको गठन भई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन, २०७९ सम्पन्न भई उक्त निर्वाचनमा निर्वाचित भए पछिको पहिलो, दोस्रो, तेस्रो, चौथो वर्षको नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात पाचौँ वर्षको नीति तथा कार्यक्रम प्रस्तुत भइरहेको छ । यस हतुवागढी गाउँपालिकाको आगामी वर्षको योजना तथा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न तथा नयाँ सोच तथा विचारका साथ आ.व. २०८३/०८४ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाको प्रक्रियामा उपस्थित छौं ।

आज हतुवागढी गाउँपालिकाको यस सम्मानीत गाउँसभाको १९औँ अधिवेशनमा सभा अध्यक्षको जिम्मेवारीबाट गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित ठानेको छु । गाउँसभाको १९ औँ अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुमा गाउँपालिका तथा मेरो व्यक्तिगत तथा गाउँसभा अध्यक्षको हैसियतले हार्दिक स्वागत अभिवादन गर्दै विषयवस्तु तर्फ प्रवेश गर्न चाहन्छु ।

## क) गाउँपालिकाको विद्यमान सामाजिक, आर्थिक र राजनीतिक परिवेश:

आज देशको समग्र परिस्थितीमा धेरै कुराहरु परिवर्तन भएका छन् । सुशासनको मागसहित भ्रष्टचार विरोधी आन्दोलनबाट सिर्जीत संक्रमणकालीन अवस्थाबाट गुज्रिदैँ प्रतिनिधि सभा निर्वाचन पश्चात सोहि आन्दोलनको जगमा नयाँ जनआकंक्षाको संघीय सरकार गठन भएको छ । हिजोका स्थापित मान्यताहरु क्रमश: परिवर्तित हुदैँ आज नतिजामूखी र कार्यमूलक सरकार तथा सोही अपेक्षा अनुसारको सेवा प्रवाह र सुशासन कायम गर्नुपर्ने ध्येयमा केन्द्रीय सरकार रहेको छ । संघीय सरकारको आकांक्षा, संविधान र कानूनप्रदत्त हक अधिकारको सीमाभित्र रहि हतुवागढी गाउँपालिकाका शासकीय अभ्यासहरु सुशासन र विकासप्रतिको प्रतिवद्ध नै छन् । तर सामाजिक संजाल र कृतिम वुद्धिमत्ताको गलत प्रयोगले समाजलाई असहिष्णु, असभ्य र अमर्यादातर्फ डोर्याउन थालेको छ ।

निराशा, कुण्ठा तथा गालीगलौजहरु अभियान्ताहरुको नकारात्मकता फैलाउने भाष्य बन्दै नेपाली समाजले केही वर्षको अन्तरालमा राष्ट्रिय सम्पदाहरुमा अपूरणीय क्षतिसहितको आन्दोलनको सामना गर्नुपरेको छ भने शक्ति र सत्ता संघर्षले संघीय सरकारमा आइरहने अस्थिरता मध्यपूर्वको अशान्तिले निम्त्याएको महंगीबाट हाम्रा नियमित विकास र सेवा प्रवाहमा प्रत्यक्ष परोक्ष प्रभाव परेको छ । यस्तो संक्रमणकालीन र तरल राजनीतिक अवस्थाले विकास निर्माण, दैनिक प्रशासनिक व्यवहार र सेवा प्रवाहका घोषित लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न चुनौती थपिएको जगजाहेर नै छ।

अल्पविकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा नेपालबाट हरेक दिन ३ देखि ५ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशीनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ भने आन्तरिक र वाह्य बसाँइसराइका कारण हाम्रो गाउँपालिका जस्तो पहाडी बस्ती तथा गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुँदै गर्दा हतुवागढी गाउँपालिकाबाट तराई तथा शहरी क्षेत्रमा बसाईसराईको बढ्दो क्रमले जनसंख्या २०६८ को जनगणना भन्दा करिब ४,००० कम भएको छ। अर्कोतर्फ गाउँघरमा कम केटाकेटी वा बढी बयोवृद्धहरु मात्र भेटिने अवस्था सिर्जना भएको छ । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन, बस्तीहरु जंगल र झाडीमा रुपान्तरण भैरहेका छन् । खेतीपातीमा जंगली जनावार बाँदर, भालु, दुम्सी लगायतले दुःख दिई बालीनालीमा अपुरणीय क्षति पुर्याई खाद्यन्न उत्पादन र खाद्य श्रृङ्खला समेत बिग्रिएको छ । विद्यालयमा विद्यार्थीहरुको संख्या न्यून भई विद्यालयहरु आपसमा मर्ज गर्न नसकिने गरी भौगोलिक रुपमा दूर रहने अर्कोतर्फ शिक्षामा भैरहेको लगानीले प्रतिफल दिन नसकिरहेको तितो यथार्थ हामी सामु विद्यमान रहेको छ। यस सन्दर्भमा एकातर्फ बसाईसराई, अर्कोतर्फ शिक्षा तथा रोजगारीको चुनौतिसँग सामना गर्न युवालाई सकेसम्म गाउँपालिका क्षेत्रभित्रै वा देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई समुन्नत, गुणस्तरीय र आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छन्। आम युवाहरुले यहाँ केही भएकै छैन, केही गर्न नै सकिदैन भन्ने बुझाईलाई चिर्नेगरी सरकारहरुले कार्यक्रमहरु ल्याउनुपर्ने छ।

स्थानीय सरकार जनताले नजिकबाट भेट्न सक्ने, छुन सक्ने र भन्न सक्ने सरकार हो। यसको मुख्य उद्देश्य नै नागरिकका दैनिक कामकारबाहीलाई सरलीकृत गर्न सेवा प्रवाह गर्नु हो । त्यसैले गाउँपालिकाले दैनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यसका प्रकृयाहरुलाई पारदर्शी, सरल, पहुँचयोग्य, प्रविधिमैत्री, निष्पक्ष र थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा दिलाउन अपरिहार्य छ । यसका लागि दरबन्दी बमोजिमको पदपूर्ति, स्थायी संरचनाको निर्माण, व्यवस्थित कानूनी संरचनाको विकास गर्दै प्रविधिमैत्री विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी प्रयोग गर्नुपर्ने छ । मूलतः स्थानीय तहमा आफ्नै भौतिक संरचनाहरुको कमी, तोकिएको दरबन्दी अनुरुप कर्मचारी अभाव, नियम कानूनहरु अस्पष्टता, एकिकृत र यथार्थपरक तथ्यांकको अभाव हामी सामु विद्यमान नै छ । दुर्गम भुगोल र सुगमताको अलाप नै हाम्रो विरोधाभाषपूर्ण तथ्य बन्न पुगेको छ । जसले दिगो र स्थायी सेवा प्रवाहका लागि आवश्यक प्रशासनलाई कामचलाउ र अस्थिर बनाएको आभाष हुन्छ।

आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा कतिपय विधिगत तथा नीतिगत रुपमा संघीयता र स्थानीय शासनको प्रयोगको संक्रमणकालिन चरणहरु पार गर्दै संविधान प्रयोग र अभ्यासको अझै पनि परिक्षणकालीन अवस्थामै छौं । यसको व्यवहारिक प्रयोग र स्थायीत्वको अध्यायमा प्रवेश हुन बाँकी नै रहेको आभास हुने गरिको छ। जनताको अपेक्षा धेरै नै छन्। हुनु स्वभाविक हो, हामीले परिकल्पना गरेको, सोचेको, थालेको महत्वपूर्ण कामहरुलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने आजको आवश्यकता रहेको छ । संघीय तथा प्रदेश सरकारले अनुमान गरे बमोजिम राजश्व परिचालन गर्न नसकेकोले स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ जसले गर्दा गाउँपालिकाले राजश्व वाँडफाँडबाट संघ र प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने

रकममा २० प्रतिशत कम भई करिब ८० प्रतिशतमात्र प्राप्त भएको तथा समानीकरण अनुदान ८.५५ प्रतिशत न्यून गरी ९१.४५ प्रतिशत मात्र प्राप्त भएकोले स्रोत तथा रकम अभावका कारण संचालित आयोजनाहरु अपुरो हुने तथा भौतिक निर्माणका कार्यहरुमा शिथिलता आउन सक्ने अवस्था छ ।

यस्तो अवस्थामा हामीले आन्तरिक आयको बढोत्तरी गर्ने, राजश्व क्षमता अभिवृद्धि गर्दै संघीय सरकार र प्रदेश सरकारसँगको निर्भरता कम गर्न र राष्ट्रिय अर्थतन्त्रको विशिष्ट परिस्थितिमा पुनर्उत्थानशील क्रियाकलाप अगाडी बढाउदै समुन्नत हतुवागढीबासी बनाउने संकल्पलाई पुरा गर्न तिब्र र दिगो आर्थिक विकास गरी संघीय सरकारले लिएको ***'समृद्ध नेपाल सुखी नेपाली'*** को राष्ट्रिय लक्ष्य कोशी प्रदेश सरकारले लिएको 'स्वच्छ, सुखी र समुन्नत प्रदेशको प्रादेशिक लक्ष्यलाई पूर्ण रुपमा आत्मासाथ गर्दै हतुवागढी गाउँपालिकाले लिएको दीर्घकालीन लक्ष्य ***“समतामूलक समाज र समुन्नत हतुवागढी: कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि”*** लाई पुरा गर्ने लक्ष्यका साथ यस आ.व.को नीति कार्यक्रम तथा बजेट निर्माण गरिएको छ । यसका लागि हाम्रो गाउँपालिकाले स्थानीय आर्थिक विकासका महत्वपूर्ण पक्षलाई सम्बोधन गर्ने कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ ।

**ख) गाउँपालिकाको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकारसहित विविध साझा अधिकार किटान भई सोको प्रयोग र अभ्यास हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकारमा प्रष्टता र सोको अभ्यास हुनु ।

३. तराई तथा कोशी प्रदेशका मुख्य शहरहरुसँग जोड्ने सडक तथा पुल निर्माणधिन अवस्थामा रहनु तथा उक्त स्थानसम्मको दुरी छोटो हुनु ।

४. गाउँपालिकाभित्र भौगोलिक, सांस्कृतिक तथा ऐतिहासिक ठाउँहरुको अवस्थितिले पर्यटकीय संभावना उच्च रहनु ।

५. सबै वडाका बस्तीहरुसम्म सडक पूर्वाधारको पहुँच हुनु ।

६. अरुण तथा दुधकोशी नदी साथै कावा, पिखुवा, एखुवा र छिर्लिङ खोलाबाट प्राप्त गर्न सकिने ढुङ्गा, गिट्टी, बालुवा प्राप्ति र सिँचाई, उर्जा खानेपानी लगायतमा प्राकृतिक स्रोतको परिचालनको सम्भाव्यता हुनु ।

७. पहिलो आवधिक योजना तर्जुमा हुनु साथै भुउपयोग वर्गीकरण सम्पन्न हुनु ।

८. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा ठुला संरचना पुल, सडक, प्रशासकीय भवन, विद्यालय तथा अस्पताल लगायतका आयोजना संचालन हुनु ।

हतुवागढी गाउँपालिका

९. पर्यटन क्षेत्रलाई मध्यनजर गर्दै स्वीस सरकार, संघ, प्रदेश सरकार र हतुवागढी गाउँपालिकाको साझेदारीमा मुन्धुम पदमार्ग निर्माण (अवधि २०८३-२०८५) कार्यको थालनी सँगसँगै पर्यटन विकाससँग सम्बन्धित कार्यहरु अगाडी बढ्नु।

१०. गाउँ कार्यपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भई सबै शाखाबाट हुने सेवाप्रवाह एकै भवनबाट प्राप्त हुनु।

११. करसम्बन्धी सेवाप्रवाह गाउँकार्यपालिका कार्यालयबाट नै औपचारिक रुपमा सुरुवात हुनु।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१. बसाइँसराईलाई न्युनिकरण गर्नु।

२. शिक्षालाई विश्वसनीय र गुणस्तरीय बनाउँदै प्राविधिक सीपयुक्त जनशक्ति उत्पादन गर्नु।

३. वर्षभरि आवतजावतमा अवरुद्ध नहुने गरी सडक संरचनाहरु निर्माण गर्नु।

४. विद्युत तथा सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु।

५. बजार क्षेत्रमा खेलमैदान, सभागृह जस्ता सरकारी एवं सार्वजानिक भवन तथा संरचना निर्माणको लागि जग्गा प्राप्त गर्नु।

६. कृषि उत्पादनमा युवालाई आकर्षण गरी व्यवसायिक रुपमा कृषि प्रणालीलाई प्रवर्द्धन गरी रोजगारी सिर्जनासँगै बजारसँगको आवद्धता विकास गर्नु।

७. आकर्षक पर्यटकीय गन्तव्य बनाउन पूर्वाधार तथा आतिथ्य संस्कारको विकास गर्नु।

८. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ उत्खनन र उपयोग (बालुवा, ढुंगा, गिट्टी) मापदण्ड लागु गरी व्यवस्थापन गर्दै आन्तरिक आयमा वृद्धि गर्नु।

९. वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

१०. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु तथा गुणस्तरीयता कायम गर्नु।

११. अव्यवस्थित बस्ती विस्तारको क्रम रोक्नु तथा व्यवस्थित र एकिकृत बस्ति विकास गर्नु।

१२. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१३. युवा जनशक्ति पलायन हुनबाट रोक्नु।

१४. बाँदर लगायत अन्य वन्यजन्तुबाट खेतबारीका कृषि उत्पादनलाई जोगाउनु।

**(ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू:**

**“समतामूलक समाज र समुन्नत हतुवागढी:**
**कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि”**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक विकास, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को व्यवस्था साथै सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

सोह्रौ योजना, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक विकास योजना (२०८०/०८१-२०८५/०८६), पर्यटन गुरूयोजना, सडक गुरुयोजना, शैक्षिक घोषणापत्र र शैक्षिक सुधार मार्गचित्र, चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम साथै गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान र गाउँपालिको पहिलो र दोस्रो कार्यकालको सिकाइ र अनुभवलाई समेत ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण नागरिकहरु, उद्यमी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोणसहित नेतृत्व र प्रशासनिक संयन्त्रको प्राविधिक तथा कानुनी विज्ञतालाई गाउँपालिकाको समुन्नतीमा आवद्ध गराउन आवश्यक छ। आम नागरिकहरुले साथ सहयोग, सुझाव, खबरदारी र जनसहभागीता एवं जनपरीचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शीता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिनेछ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचनामार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ। साथै कर्मचारीको वृत्तिविकासमा ध्यान दिदै कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ।

यस गाउँपालिकाले ***समतामूलक समाज र समुन्नत हतुवागढी*** निर्माण गर्ने दीर्घकालीन लक्ष्य लिएको छ। नागरिकको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि गाउँपालिकाका हरेक योजना तथा कार्यक्रमहरुमा जनसहभागिताको माध्यमबाट पारदर्शीता र जवाफदेहीतालाई जोड दिइनेछ।

## (घ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण:

### <u>भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ):</u>

**सडक यातायात र पुल:**

यस गाउँपालिकामा हालसम्म मुख्य सडकको रुपमा रहेको तराइसँग जोड्ने घोडेटार-चुहार/कोप्चे सडकमार्ग (२२.५ कि.मी.) गत आ.व. देखि पक्की कालोपत्रे सडकको रुपमा निर्माण कार्य सुरु भएको छ। सदरमुकाम भोजपुरसँग जोड्ने घोडेटार-कावाखोला (१८ कि.मी.) र धनकुटासँग जोड्ने सुनबालुवा-घोडेटार-पुरानो तृतीया सडकमार्ग (२७

कि.मी.) स्तरोन्नती तथा फराकिलो गरि बाह्रै महिना चल्ने गरी यस वर्ष पनि स्तरोन्नतीको कार्य गरिएको छ । गत आ.व.मा हतुवागढी-आमचोक एखुवा खोला जोड्ने मोटरेबल पुल निर्माण कार्य सम्पन्न भएको, हतुवागढी-रामप्रसादराई जोड्ने कावाखोलाको मोटरेबल पुलको निर्माण कार्य सम्पन्न भएको साथै हतुवागढी-सहिदभूमी जोड्ने सिम्लेमा झोलुङ्गे पुल निर्माण कार्य समेत सम्पन्न भएको छ भने हतुवागढी गाउँपालिका वडा नं. ५ देखि पौवादुङ्गा वडा नं.६ जोड्ने झोलुङ्गे पुलको निर्माण कार्य हाल तिव्रताका साथ भैरहेको छ । संघीय सरकारको लगानीमा अरुण नदीमा होम्ताङ-सुनबालुवा-पाख्रीबास मोटरेबल पुल, प्रदेश सरकारको लगानीमा दुधकोशीमा चुहार- हसनपुर -मैनामैनी मोटरेबल पुल निर्माणाधिन अवस्थामा रहेता पनि सम्पन्न हुने कुरामा आसंका उत्पन्न भएको छ । यसै गरी घोडेटार सुनबालुवा सडक खण्डको ५ कि.मी. सडक ग्राभेलसँगै बाँकी सडक सोलिङ, कजवे ढलान, वाइडनिङसहित स्तरोन्नति भएकोछ । ९ वटै वडासम्मका सबै सडकहरु (६३ कि.मी.) बाह्रै महिना यातायात चल्नेगरी स्तरोन्नतीको कार्य भएकोछ । गाउँपालिका भित्रका साविकका सबै (५४ वटा वडा) टोलबस्तीमा सडकको पहुँच विस्तार भैसकेको छ । गाउँपालिकाभित्र हालसम्म निर्माण भएका सडकहरुको कुल लम्बाई ३९९.९९ कि.मी. रहेको छ भने गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई क्रमश सुदृढ बनाउँदै लगिएको छ । यसै गरी घोडेटार बजार क्षेत्रका सडक बाटोहरुको ढलान कार्य करिब ८५० मी. सम्पन्न भएको छ भने घोडेटार बजारमा बसपार्क निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

**खानेपानी तथा सरसफाई:**

गाउँपालिकाबाट खानेपानीतर्फ चालु आ.व. मा विनियोजन गरिएको अधिकांश आयोजनाहरु संचालनमा आएका छन् । गत आवमा फलामढुङ्गा खानेपानी आयोजना कार्यसम्पन्न भई मिटर सिस्टममा सञ्चालनमा आएको छ साथै यस आवमा सुनारपानी ओखरबोटे खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भएको छ । जसले ८८ घरधुरी तथा सार्वजनिक स्थललाई समेटिएको छ। घोडेटार बजार खानेपानी आयोजनामा संघीय सरकारको विशेष अनुदान अन्तर्गतको कार्यक्रम संचालनमा छ भने मिटर सिस्टमबाट खानेपानी आपूर्तिको व्यवस्थापन भैरहेको छ साथै यस आर्थिक वर्षमा समेत विशेष अनुदानबाट सार्वजनिक निजी मुहानहरुलाई एकिकृत गरी उक्त घोडेटार खानेपानी आयोजनालाई सम्पन्न गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। प्रदेश सरकारको लगानीमा दुईवटा लिफ्टिङ खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् । हालसम्म करिब ९० प्रतिशत जनतामा खानेपानीको पहुँचमा पुगेको छ, यद्यपि: सुख्खा बढ्दै जाँदा खानेपानी मुहान सुक्दै गएको कारण खानेपानी व्यवस्थापन गर्न कठिनाई उत्पन्न भएको छ । खानेपानीको स्रोत र उपलब्धतालाई मध्यनजर गर्दै खानेपानी वितरण प्रणालीलाई थप प्रभावकारी एवं सबैको पहुँच सुनिश्चित गराउनको लागि नवनिर्मित आयोजनाहरुलाई मिटर सिस्टममा सञ्चालन गरिने नीति लिइएको छ । गाउँपालिकाले हतुवागढी-१ स्थित थामचौतारा सामुदायिक वनसँगको समझदारीमा १ वटा ल्यान्डफिल्ड साईट व्यवस्थापन गर्दै आएको छ । घोडेटार बजारको फोहोरमैला व्यवस्थापनमा उद्योग वाणिज्य संघ शाखा, घोडेटारले सहकार्य गर्दै आएको छ । ल्यान्डफिल्ड साईटको निर्माणका लागि डिपिआरको कार्य सम्पन्न गरी संघ तथा प्रदेशसँग बजेट माग गरिएको छ ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा १७ वटा साना सिँचाई आयोजनामार्फत १३४०७ मिटर कुलो निर्माण भएर कूल ११७.२८ हेक्टरमा सिंचाइ सुविधा प्राप्त हुने भएको छ भने करिब ३४० हेक्टर खेतीयोग्य जमिनमा परम्परागत कुलोको स्तरोन्नती तथा प्लाष्टिक पोखरीमार्फत सिंचाईको कार्य भैरहेको छ । जलवायु परिवर्तनको प्रभावका कारण पानीको स्रोतहरु सुक्दै जाने समस्या बढेकाले डिजाइन अनुसार पानी प्राप्त हुने मात्रा भने घटेको छ ।

**भवन तथा आवास:**

**संघीय सरकार र गाउँपालिकाको साझेदारीमा नवनिर्मित ५ तले सुविधासम्पन्न प्रशासनिक भवन (२४ कोठासहित) को निर्माण कार्य पूर्ण भई सेवा प्रवाह सुरु गरिएको छ।**

गाउँपालिकाको २, ३, ४, ५, ६, ७, ८ र ९ नं. वडा कार्यालयहरुको आफ्नै भवन मार्फत प्रशासनिक कार्य संचालन गर्दै आएको छ। वडा नं २, ५ र ६ मा पक्की भवन निर्माण गरी वडा कार्यालयको प्रशासनिक कार्यहरु सञ्चालन भएको छ साथै वडा नं ३ र ९ को वडा कार्यालय भवन निर्मणको लागि सम्झौता भई निर्माण कार्य प्रारम्भ भएको छ। । सगरमाथा मा.वि. मा प्रशासकीय तथा पुस्तकालय भवन प्रदेश सरकार र हतुवागढी गाउँपालिकाको साझेदारीमा निर्माण कार्य सम्पन्न भएको छ। शान्ति आ.वि, सोयाको ११ कोठे विद्यालय भवन परिसरमा सौचालय र कम्पाउन्ड निर्माण कार्य सम्पन्न भएको छ। गाउँपालिका केन्द्र घोडेटार बजारमा सुविधासम्पन्न वहुउद्देश्यीय कभर्ड हल निर्माण सम्पन्न भै संचालन भैरहेको छ साथै सोही छेउमा टेवल टेनिस हल समेतको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। यसैगरी ९ वटै वडाका विभिन्न विद्यालयहरुमा शौचालय निर्माण कार्य, गेट निर्माण कार्य, रंगरोकन तथा मर्मत संभार सम्पन्न भएका छन् भने विभिन्न ठाउँहरुमा बाल क्लब भवन, युवा क्लब भवन, महिला समूह भवन तथा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ। संघीय सरकारको लगानीमा १५ शैयाको आधारभुत अस्पतालको निर्माण कार्य प्रगति ९० प्रतिशत भन्दा बढी रहेको छ भने यसको निर्माण कार्य समयमै सम्पन्न गराउन संघीय सरकारसँग पहल हुदैं आएको छ र छुटेका निर्माण कार्यका लागि थप बजेटको व्यवस्था गरिएको छ। यसैगरी सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश र गाउँपालिकाको लागत साझेदारीमा श्री जनज्योती माध्यमिक विद्यालय, पात्लेपानीमा WASH सहितको शौचालय निर्माणको कार्य तीव्र गतिमा भइरहेको छ।

**सांस्कृतिक तथा पर्यटन पूर्वाधार:**

गाउँपालिकाले अघिल्ला आर्थिक वर्षहरुमा विभिन्न क्षेत्रका विभिन्न जातजाती सम्बन्धि महत्वपूर्ण धार्मिक स्थलहरुको निर्माण कार्य गरेको छ जसअन्तर्गत महादेव गुफा संरक्षण, सिलासुत्केरी संरक्षण, धाराखोला देवीथान संरक्षण, साकेन्वा थान निर्माण तथा संरक्षण, वालाहाङ सुनाहाङ संरक्षण, साकेन्वा संरक्षण कार्य, जाल्पादेवी मन्दिर संरक्षण, सिमसरा देवी संरक्षण, काँशिराम अवतारी मन्दिर संरक्षण, भगत अवतारी मन्दिर संरक्षण, सिन्द्राङ तोसिखोम सुरिनोम हेलिप्याड पर्खाल, बस्नेत कुलपुजा भवन पुन निर्माण संरक्षण, सिन्द्राङ लगायतका विभिन्न साँस्कृतिक सम्पदाको संरक्षण कार्य सम्पन्न भएको छ। वडा नं ५ मा बुद्ध मूर्ति स्थापना साथै सुम्निमा पारुहाङ निर्माणको मूर्ति निर्माण सम्पन्न भएको छ। यसै गरी यस आ.व.मा वडा नं ५ मा नै भिमसेनथान मन्दिरको निर्माण भएको छ। वडाका विभिन्न स्थानहरुमा राष्ट्रिय रोजगार कार्यक्रम मार्फत सिँडी तथा पैदलमार्ग निर्माण भएको छ। गत आ.व. मा वडा नं. १ कावाखोला नजिकै अवस्थित ऐतिहासिक/धार्मिक महादेवथान संरक्षण अन्तर्गत बाटो स्तरोन्नति, सिँडी र रेलिङ निर्माण कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ। साथै, उक्त स्थलको दीर्घकालीन विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) समेत तयार भइसकेको छ।

साकेन्वा तथा सिली मेला संचालन एवं सो अन्तरगत विभिन्न रचनात्मक क्रियाकलापहरु (भलिबल, फुटबल, परम्परागत नृत्य, झाँकी) सञ्चालन भएका छन्। यसैगरी पालिका गान कार्यान्वयन, ईतिहासमा हतुवागढी विषयक खोज तथा अनुसन्धानका लागि बनेको कार्यदलद्वारा देशका विभिन्न ५ वटा महत्वपूर्ण गढीहरु भ्रमण तथा तिनका विषयमा गहन अध्ययन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्।

**"समतामूलक समाज र समुन्नत हतुवागढी:**
**कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि"**

नेपाल सरकार, स्वीस सहयोग, कोशी प्रदेश सरकार र हतुवागढी गाउँपालिकाको साझेदारीमा पदमार्गमा आधारित पर्यटन विकास कार्यक्रम अन्तरगत हसनपुर खण्डमा पैदल मार्ग तथा परिधि संरचना निर्माण कार्य सम्पन्न भएको छ।

**सामाजिक विकास (शिक्षा, युवा तथा खेलकुद, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

**स्वास्थ्य:**

गाउँपालिकामा हालसम्म चिकित्सक दरबन्दीसहित, ल्याब तथा एक्स रे सेवा, टेलिमेडिसिन सेवा समेत प्रदान गर्ने १ वटा प्राथामिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा सामुदायिक स्वास्थ्य इकाई, १ आँखा उपचार केन्द्र, १ वटा  नागरिक आरोग्य केन्द्र संचालनमा रहेको जसमा १ जना मेडिकल अधिकृत सहित ३९ जना स्वास्थ्यकर्मी र १० जना सहयोगी कर्मचारी र C.B.R.F. २ जना कार्यरत  रहेका छन् । १५ सैयाको अस्पतालको निर्माण कार्य ९० प्रतिशत भन्दा बढी भएको छ । गाउँपालिकाले अपाङ्गता रोकथाम तथा तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत फिजियोथेरापी सेवा, गर्भवती आमाहरुको लागि भिडीयो एक्सरे सेवाको घुम्ती शिविर सञ्चालन,  आँखा शिविर, औषधि उपचार सहायता लगायतका स्वास्थ्य सुविधा उपलब्ध गराएको छ । जसमध्ये मुख्य क्रियाकलाप अन्तर्गत आँखा शिविरमा ७०० जनाले सेवा लिनु भएकोमा साथै ९८१ जना ३० वर्ष माथिका नागरिकहरुमा नसर्ने रोगहरुको खोजपड्ताल गरी उपचारको दायरामा ल्याइएको छ । पोषण लेखाजोखा कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका ४४६ जना बच्चाको लेखाजोखा गरेर ९ जना बच्चालाई उपचारको दयरामा ल्याइएको छ । यसैगरी चालु आ.व. मा गाउँपालिका पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा कार्य सम्पन्न भएको छ । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्सहान स्वरुप प्रतिमहिना रु.२,२००। का दरले एकमुष्ट प्रति स्वयंसेविका रु.२६,४००। उपलब्ध गराईएको छ भने बिरामीहरुलाई नेपाल सरकारबाट तोकिए बमोजिमको निशुल्क उपलब्ध गराईने औषधि नियमित रुपमा उपलब्ध गराइएको छ । प्रत्येक सुत्केरी महिलालाई पोषण भत्तास्वरुप रु ३,०००। नगद नियमित रुपमा उपलब्ध गराइएको छ ।

**शिक्षा:**

हाल यस गाउँपालिकाभित्र ३६ वटा सामुदायिक र १ वटा संस्थागत गरी कुल ३७ वटा विद्यालयहरू सञ्चालित छन्। कुल विद्यार्थी संख्या करिब २५०० रहेकोमा केही विद्यालयहरूमा विद्यार्थी संख्या अत्यन्त न्यून रहेको छ। गाउँपालिकाको समग्र शैक्षिक अवस्थामा सुधार ल्याउन ऐतिहासिक कदम स्वरूप ***'शैक्षिक सुधार घोषणापत्र, २०७६'*** जारी गरी रूपान्तरणको सुरुवात गरिएको थियो। यसैको निरन्तरता स्वरूप सरोकारवालाहरूसँगको बृहत् छलफल तथा अन्तरक्रियाबाट ***'शैक्षिक गुणस्तर सुधार मार्गचित्र, २०७९'*** तर्जुमा गरी हाल प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको छ। उक्त मार्गचित्रकै जगमा कक्षा ८ को पालिका स्तरीय परीक्षालाई थप मर्यादित, व्यवस्थित र परिष्कृत गरिएको छ। न्यून विद्यार्थी संख्या भएका विद्यालयहरूलाई क्रमशः समायोजन गर्दै लैजाने नीतिगत रणनीति अख्तियार गरिएको छ। शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि चालु आर्थिक वर्षमा ३ वटा शैक्षिक तालिम र ३ वटा गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरिएका छन्। विद्यालयहरूको समग्र शैक्षिक तथा भौतिक सुधारका लागि शिक्षक व्यवस्थापनदेखि भौतिक संरचना निर्माणसम्म वित्तीय अनुदान उपलब्ध गराइएको छ। कक्षा ५ सम्ममात्र सञ्चालित विद्यालयलाई विद्यार्थीको प्रतिभा पहिचान तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान रकम उपलब्ध गराइएको छ। उच्च शिक्षा अध्ययनका केही विद्यार्थीहरुलाई आर्थिक सहायता समेत गरिदै आइएको छ। सबै विद्यालयहरूलाई सूचना प्रविधिमैत्री बनाउने लक्ष्यका साथ इन्टरनेट सेवा विस्तार गरिएको छ। संस्थागत सुशासन र जवाफदेहिता सुनिश्चित गर्न वडा नं. ९ का ४ वटा विद्यालय र वडा नं. १ स्थित श्री सगरमाथा माविमा शिक्षक तथा कर्मचारीहरूका लागि विद्युतीय हाजिरी

जडान गरी प्रयोगमा ल्याइएको छ। महिला शिक्षकहरू प्रसूति बिदामा बस्दा विद्यार्थीहरूको सिकाइमा अवरोध नहोस् भनी विद्यालयको आवश्यकता र मौजुदा जनशक्तिका आधारमा स्वयंसेवक शिक्षकको व्यवस्थापन गरिएको छ।

प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास र हौसलाका लागि प्रोत्साहन भत्ता र नियमित प्रधानाध्यापक बैठक सञ्चालनको व्यवस्था मिलाइएको छ। शैक्षिक क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा प्रवर्द्धन गर्न उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई पुरस्कृत गर्ने परिपाटी सुरु गरिएको छ। शिक्षकहरूको सरुवा तथा अवकाशका कारण रिक्त रहेका स्वीकृत दरबन्दीहरूमा शिक्षण सिकाइ अनुदान र करार सेवा मार्फत नियमित रूपमा पदपूर्ति गरी पठनपाठनलाई निरन्तरता दिइएको छ। विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गाउँपालिकाले बहुआयामिक सहायता तथा साझेदारीका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

## युवा, खेलकुद, कला साहित्य:

खेलकुद कार्यक्रम अन्तर्गत अन्तर-जिल्ला तथा स्थानीय स्तरको 'बी डिभिजन' ब्याडमिन्टन प्रतियोगिता, पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड, र अन्तर-आधारभूत विद्यालय (आ.वि.) स्तरीय हतुवागढी रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक आयोजना गरिएका छन् । खेलकुदलाई जगैदेखि प्रवर्द्धन गर्न प्रत्येक वडामा वडास्तरीय फुटबल तथा भलिबल प्रतियोगिताहरू सञ्चालन गरिनुका युवाहरूलाई स्वरोजगार र उद्यमशीलतासँग जोड्न युवा लक्षित कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छी पालनका क्षेत्रमा विभिन्न प्रोत्साहन अनुदानहरू वितरण गरिएको छ। गाउँपालिकाको ऐतिहासिक पहिचान र संस्कार-संस्कृतिको जगेर्ना गर्ने नीति अनुरूप आदिवासी जनजाति उत्थान कार्यक्रम तथा परम्परागत साकेला/साकेन्वा सिली मेला लगायतका विविध सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यसका साथै, पालिकाको ऐतिहासिक गौरवलाई उजागर गर्न ***'इतिहासमा हतुवागढी'*** विषयक विभिन्न क्षेत्रमा खोज, अनुसन्धानका लागि अध्ययन भ्रमण र अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरिएका छन् ।

## जेष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्गता सम्बन्धी:

विभिन्न विद्यालय तथा वडाहरुमा बालक्लब गठन तथा बालबालिका लक्षित प्रतियोगिताहरु सम्पन्न भएका छन्। महिलाहरुलाई लक्षित गरी विभिन्न सीपमुलक तालिम कार्यक्रमहरु सम्पन्न भएका छन्। ८० वर्षमाथिका जेष्ठ नागरिक तथा सुत्केरी महिलालाई एम्बुलेन्स सेवा नि:शुल्क गरिएको छ भने अन्य लक्षित वर्गलाई छुट सुविधा प्रदान गरिएको छ । गाउँपालिकाको लागतमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालनमा रहेको छ। अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरण तथा उपचार सहयोग कार्यक्रम सञ्चालन गरिएको छ । गरिब तथा सीमान्तकृत समुदायसंग न्यायमा पहुँच कार्यक्रम मार्फत न्यायिक सचेतना अभिवृद्धिको कार्यहरु अगाडी बढेका छन् । वि.सं. २०८३ सम्ममा बालमैत्री स्थानीय तह घोषणा गर्ने तयारी तथा आवश्यक प्रक्रिया अगाडी बढाइएको छ । चालु आ.व मा सामाजिक सुरक्षा भत्ता प्राप्त जेष्ठ तथा अपाङ्गता भएका व्यक्तीहरुको लागि नागरिकता र राष्ट्रिय परिचयपत्र निर्माण शिविर राष्ट्रिय परिचय पत्र विभाग, जिल्ला प्रशासन कार्यालय र पालिकाको सहकार्य तथा समन्वयमा गाउँ कार्यपालिका कार्यालयमा सञ्चालन गरिएको छ । गाउँ कार्यपालिका कार्यालयमा मेलमिलापकर्ताहरुका लागि आठ दिवसीय मेलमिलापसम्बन्धी आधारभूत तालिम सञ्चालन गरिएको छ । सबै वडा स्तरमा महिला सशक्तीकरणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।

## आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी:

### कृषि तथा पशुपंक्षी

गाउँपालिकाले सुहाउदो हावापानी र सम्भावना बोकेका बालीहरु सुन्तला, कफी, अदुवा, एभोकाडो, तरकारीबालीहरुको पकेट क्षेत्र निर्धारण गरि कार्यक्रमहरु संचालनमा गरेको छ। अकबरे खुर्सानी प्रवर्धन गर्न वडा नं. २ मा २९ रोपनी क्षेत्रफलमा नविनतम प्रविधिसहित अकबरे खुर्सानीको क्षेत्र विस्तार गरिएको छ। तरकारी बालीको उत्पादन वृद्धी गर्न ६१ वटा प्लास्टिक घर निर्माण र सिचाँईको लागी १७ वटा प्लाष्टिक पोखरी निर्माण यस चालु आ.व. ०८२/८३ मा गरेको छ।कृषि यान्त्रिकिकरण तर्फ कृषक समूहलाई ८ वटा मिनिटिलर गरेको छ। कृषकहरुलाई कृषकहरुकै माग बमोजिमको विभिन्न विषयका तालिम प्रदान गरिएको छ। विपन्न, पिछडिएका वर्गहरु लक्षित गरि जिविकोपार्जनको लागि ९ हल गोरु विरतण गरेको छ। वडा नं. ५ र ६ का मौरीपालन गर्ने कृषकहरुलाई मह प्रशोधनको लागि ४ वटा मह मदानी र महको उत्पादन वृद्धी ७० वटा गर्न आधुनिक मौरी घार वितरण गरिएको छ। कृषि क्षेत्रमा हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणको लागि कृषि बीमा प्रभावकारी ढंगमा लागु गर्न यस आ.व. मा १३ जना कृषि बीमा अभिकर्ता उत्पादन गरिएको छ। कृषकहरुको माग तथा कार्ययोजना बमोजिम मागमा आधारित कार्यक्रमअन्तर्गत ३ जना कृषि फर्मलाई अनुदान प्रदान गरिएको छ। व्यवसायिक रुपमा फलफूल खेती गर्न चाहाने कृषकहरुलाई कम्तिमा ५० वटा बोट फलफूलकोको विरुवा वितरण गरिएको छ। किसानहरुको आवश्यकता अनुरुप हालसम्म २,८७० बोरा रासायनिक मल उपलब्ध गराईएको छ।आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत मकैमा लाग्ने फौजी किराको प्रकोप नियन्त्रण गर्ने प्रयास भएको छ।कृषि पेशालाई आकर्षणको क्षेत्र बनाउने, स्वस्थ्य प्रतिस्पर्धाको भावना जागृत गर्ने उदेश्यकासाथ कृषि तथा पशुपालन क्षेत्रमा अतुलनिय योगदान पुर्याउने ३ जना कृषकहरुलाई नगद पुरकार सहित सम्मान गरिएको छ।

पशुपन्छी सेवातर्फ दुग्धजन्य उत्पादन वृद्धि गर्नका लागि ९ जना पशुपालक कृषकहरुलाई उन्नत भैसी खरीदमा अनुदान प्रदान गरिएको छ। बंगुरपालनलाई प्रवर्धन गर्न ३ वटा कृषक समुहमा ३० वटा बंगुर खोर निर्माण गरिएको छ।बाख्रापालनलाई प्रवर्धन गर्न ५ वटा कृषि फर्मलाई उन्नत जातको बिउ बोका र उन्नत जातको माउ बाख्रा वितरण गरिएको छ।भेडापालनलाई व्यवसायिक बनाउन पाईलट प्रोजेक्टको रुपमा भेडापालन प्रवर्धन कार्यक्रम सफलताको साथ संचालन गरिएको छ। लक्षित वर्गका लागि पोषण सुधार गर्न सुनौलो हजार दिने आमाहरुलाई चल्ला वितरण गरिएको छ। मागमा आधारित कार्यक्रममा ५ जना कृषकहरुको माग बमोजिमको कार्यक्रम प्रदान गरिएको छ। ३७१८ वटा पशुको मेडिकल उपचार , २४७६२ पशुलाई विभिन्न रोग विरुद्ध खोप लगाईएको छ। २८ जना कृषकहरुलाई मागमा आधारित पशुपालन तालिम प्रदान गरिएको छ।

**सहकारी, उद्योग, पर्यटन र रोजगारी**

सहकारीको नियमन तथा क्षमता अभिवृद्धि गर्न आवश्यक कदमहरु चालिएका छन्। पर्यटनको क्षेत्रमा दिमालुङ पार्क निर्माणका विभिन्न संरचनाहरु निर्माणका कार्यहरु हुदै आएका छन्। पर्यटन क्षेत्रलाई समेट्ने गरी मुन्दुम पदमार्गको निर्माण तथा स्तरोन्नतिमा विशेष ध्यान दिदै आइएको छ। योसँगै पर्यटकीय ठाउँहरुलाई गन्तब्य बनाईने विभिन्न भौतिक पूर्वाधार तथा पार्कहरु निर्माण हुँदै आएका छन्। हतुवागढीका ऐतिहासिक तथा धार्मिक स्थलको संरक्षण संवर्धन तथा त्यसको प्रचारप्रसारका लागि आवश्यक कदमहरु संचालित भएका छन्। व्यवसाय प्रवर्धनका लागि व्यवसाय दर्ता तथा नवीकरणको कार्यहरु नियमित रुपमा संचालनमा रहेको छन्। बेरोजगार व्यक्तिहरुको वडा कार्यालय मार्फत लगत सूचीकरण कार्य नियमित हुँदै आएको छ। यस पटक सबै वडामा गाउँपालिकाले समेत साझेदारी गरी ८४ जनालाई १०० दिनको रोजगारी प्रदान गरिएको छ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ। गाउँपालिकाले वन ऐन, २०७८ जारी गरी

कार्यान्वयनमा ल्याएको छ । वन क्षेत्रको संरक्षण तथा संवर्धन संगै वन तथा वातारण सम्बन्धि योजना कार्यक्रमहरुमा गाउँपालिकाको कम ध्यान पुगेता पनि आगामी दिनमा यसलाई बढावा दिँदै लगिने छ । सम्बन्धित निकायहरुसँगको समन्वयमा विपद प्रतिकार्यको कार्य अगाडी बढाइएको छ भने विपद् जोखिम क्षेत्रको नक्सांकन गर्ने कार्य भु उपयोग वर्गीकरणसँगै अगाडी बढेको छ। दिगो फोहर व्यवस्थापनका लागि ल्यान्डफिल्ड साईटको अध्ययन कार्य अगाडी बढेको छ । यसै गरी विपदमा परेका व्यक्तिहरुलाई गाउँपालिकाले नियमानुसार राहत रकम तथा जिन्सी उपलब्ध गराइएको छ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी:**

१९ औँ अधिवेशनसम्म आइपुग्दा हामीले ४६ ओटा ऐन जारी गर्न सफल भएका छौँ । उक्त ऐनहरुको आधारमा कार्यपालिकाबाट ५ ओटा नियमावली, ५७ ओटा कार्यविधि र ६ वटा निर्देशिका ३ वटा मापदण्ड, १ वटा घोषणापत्र, १० वटा नीति/रणनीति, सडक गुरुयोजना, पर्यटन गुरुयोजना, शैक्षिक सुधार मार्गचित्र जस्ता दीर्घकालिन महत्वका दस्तावेजहरु तयार भएका छन् । वार्षिक नीति तथा कार्यक्रम ९ वटा जारी भइसकेका छन् । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । महालेखा परिक्षकको कार्यालयको ६३ औं प्रतिवेदन अनुसार बेरुजु प्रतिवेदनमा ०.६२ प्रतिशत रहेको छ । जसअन्तर्गत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रारम्भिक प्रतिवेदनमा भोजपुर जिल्लामा ७३.२८ सहित प्रथम साथै कोशी प्रदेशमा ७ औँ स्थानमा कायम हुँदै समावेशी बजेट र सुशासनमा उदाहरणीय गाउँपालिका बन्न पुगेको छ । राजश्व सुधारका लागि गाउँपालिकाले राजस्व सुधार योजना निर्माण, राजश्वको लागि सुत्र सफ्टवेयरको व्यवस्थापन, न्यायिक समितिको कार्यसञ्चालनको लागि ईजलास सफ्टवेयरको व्यवस्थापन, पालिकाको योजनाहरु व्यवस्थापन तथा सञ्चालनको लागि पि.पि.एम्.एस् सफ्टवेयर लागु गर्नुका साथै हतुवागढी गाउँपालिकाको सूचना छिटो प्रवाह गर्नका लागि केन्द्रकृत SMS प्रणाली लागु गरिएको साथै गाउँ कार्यपालिका कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र र ५ वटा सरकारी विद्यालयहरुमा ई हाजिरी संचालनमा ल्याइएको छ । राजश्व सुदृढीकरण र राजश्वका नयाँ स्रोतहरुको खोजी गरी कार्यान्वयनमा लैजान राजश्व सम्बन्धि अन्तरक्रिया संचालन गरिएको छ भने सेवा प्रवाह र योजना व्यवस्थापनलाई प्रभावकारी बनाउन वडासम्म पुगेर योजना सम्झौता गरि सेवा प्रवाहलाई छरितो गर्ने कार्यले निरन्तरता पाएको छ। वडा कार्यालयहरुलाई सेवाग्राहीमैत्री तथा प्रविधिमैत्री बनाइएको छ । कर्मचारीहरुलाई कार्यविवरण र स्पष्ट जिम्मेवारी प्रदान गरिएको छ भने गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत विच साथै प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुविच कार्यसम्पादन सम्झौता गर्ने परिपाटीको विकास गरिएको छ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

गाउँपालिकाको सम्पूर्ण विकास योजनाहरु गाउँपालिकाबासी सबैको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्बन गर्दै नेपालको संविधान, राष्ट्रिय प्राथमिकता, संयुक्त राष्ट्र संघद्धारा जारी दिगो विकासका लक्ष्यहरु र सोको अवधारणा, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई मार्गदर्शनको रुपमा लिइएको छ। स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै स्थानीय पूर्वाधार सम्बन्धी आयोजनाहरु, रोजगारी र गरिबी न्यूनिकरण, विद्युतिकरण, वातावरण संरक्षण र विपद

व्यवस्थापन, सुशासन, समावेशीकरणलाई सहयोग पुग्ने योजना कार्यक्रमलाई प्राथमिकता दिएको छ। कम लागत छिटो प्रतिफल दिने जनसहभागीता जुट्ने सबैको सहकार्य र समन्वयमा गाउँपालिकाको विकास योजना तर्जूमा गरिएको छ ।

यो पटकको नीति तथा कार्यक्रममा कृषि, पशु, शिक्षा, स्वास्थ्य, रोजगार , पर्यटन, पूर्वाधार हाम्रो प्राथमिकता हुन्।

**सम्पूर्ण गाउँपालिका सदस्यहरु:**
**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को प्राथमिकता र क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु ।**
**प्राथमिकता:**

१. आधुनिक कृषि विकास तथा व्यवसायीकरण
२. पशु विकास एवं बजार व्यवस्थापन
३. गुणस्तरीय र प्रविधिमैत्री शिक्षा तथा स्वास्थ्य सेवा,
४. पूर्वाधार विकासका कार्यक्रमहरु सडक), पुल, खानेपानी, सिँचाई, भवन(पदमार्ग ,
५. दिगो विकासका १७ वटा लक्ष्यहरु )SDGsका कार्यक्रमहरु (,
६. पर्यटन पूर्वाधार विकास र प्राकक पुरातात्विक सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन,
७. समतामूलक समाज निर्माणका कार्यक्रमहरु समावेशी विकास), जातीय-लैगिंक विभेद, जेष्ठ नागरिक,एकल महिला अपाङ्गता, अशक्त लक्षित बालमैत्री(,
८. युवाको क्षमता विकास, खेलकुद विकास र रोजगारी,
९. प्राकृतिक स्रोत तथा भूं–संरक्षण, वातावरण र जलवायु परिवर्तन,
१०. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता पारदर्शिता, सुशासन र डिजिटलाइज प्रविधिको प्रयोग,
११. भू–उपयोग नीति निर्माण र बस्ती विकास,
१२. संस्थागत तथा क्षमता विकास,
१३. जनसहभागिता जुट्ने र आर्थिक प्रतिफल प्राप्त हुने योजनालाई नीतिगत रुपमा प्राथमिकता,
१४. बालमैत्री स्थानीय शासन,
१५. विकास योजनाहरु आवश्यकता र प्रतिफलमा आधारित भएर भावी पुस्ता सम्मका लागि भन्ने अवधारणाबाट अगाडी बढाइनेछ ।

**सभाका सम्पूर्ण सदस्यहरु,**

आ. व. २०८३/८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

***स्थानीय पाठ्यक्रम, वान्तवा भाषा र स्थानीय पहिचान***

१. स्थानीय पाठ्यक्रमको कार्यान्वयन: स्थानीय पाठ्यक्रम बमोजिम शिक्षक निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. वान्तवा भाषाको संरक्षण: रैथाने भाषा र संस्कृतिको जगेर्नाका लागि वान्तवा भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी विद्यालयहरूमा पठनपाठन सुरु गरिनेछ।

३. सांस्कृतिक पहिचान प्रवर्द्धन: विद्यार्थी र शिक्षकहरूमा आफ्नोपन र संस्कृतिको भावना जगाउन हप्ताको एक दिन आफ्नो संस्कार (मंगलबार), संस्कृति र भेषभूषा झल्कने पोशाक लगाउन प्रोत्साहित गरिनेछ।

***कानुनी तथा नीतिगत सुधार र सुशासन***

४. शैक्षिक नियमन र गुणस्तर: शिक्षा ऐन लागू भएसँगै शिक्षा नियमावली, शिक्षा नीति, र शैक्षिक गुणस्तर सुधार मार्गचित्र लगायतका कानुनी तथा नीतिगत व्यवस्थामार्फत शिक्षा क्षेत्रको समग्र सुधार र नियमन गरिनेछ ।

५. शिक्षक:विद्यार्थी अनुपात र सरुवा व्यवस्थापन- विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी मिलान तथा आवश्यकता अनुसार आन्तरिक शिक्षक सरुवा तथा काजमा खटाउने प्रक्रियालाई प्राथमिकतामा राखिनेछ ।

६. मासिक पारिश्रमिकको सुनिश्चितता: शिक्षक तथा विद्यालय कर्मचारीहरूको मनोबल उच्च राख्न उनीहरूको पारिश्रमिक मासिक रूपमा भुक्तानी गर्ने व्यवस्थाका लागि आवश्यक कदम चालिनेछ ।

७. अनुगमन तथा संस्थागत जवाफदेहिता: विद्यालयको गुणस्तर र व्यवस्थापन चुस्त राख्न अभिभावक संघ तथा विद्यालय व्यवस्थापन समिति सँगको समन्वयमा नियमित र व्यवस् (विव्यस)थित अनुगमन गरिने छ।

८. प्रधानाध्यापक छनौटः विद्यालय विकास प्रस्तावका आधारमा सबै विद्यालयमा प्रधानाध्यापक छनौट प्रक्रिया क्रमशः अगाडि बढाइनेछ ।

९. विद्युतीय हाजिरी जडानः विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि विद्युतीय हाजिरी जडान गरी कार्यान्वयनमा ल्याइनेछ।

१०. पुरस्कृत तथा सम्मानः कार्य सम्पादनमा उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक र कक्षा ५, ८, १० र १२ नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी पुरस्कृत तथा सम्मान गरिने साथै कक्षा ८ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल दलित विद्यार्थीलाई समेत पुरस्कृत गरिनेछ ।

***पहुँच, समावेशी शिक्षा र पूर्वाधार विकास***

११. विशेष प्रोत्साहन प्याकेज: विद्यालय बाहिर रहेका र बीचमै पढाइ छाड्ने बालबालिकाहरूलाई विद्यालय शिक्षा पूरा गराउन विशेष प्रोत्साहन प्याकेज सञ्चालन गरिने छ।

१२. बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार: नमूना विद्यालय विकास कार्यक्रम अन्तर्गत विद्यालयहरूमा खानेपानी, स्वास्थ्य तथा सरसफाइ सुविधा विस्तार गरिनुका साथै भौतिक संरचनाहरू बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ।

१३. बालमैत्री स्थानीय शासन: गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषित गर्ने नीतिगत लक्ष्य लिइनेछ।

१४. विद्यालय समायोजन: घट्दो विद्यार्थी संख्या र बढ्दो बसाइँसराईलाई मध्यनजर गर्दै आवश्यकता अनुसार विद्यालय समायोजन गरी भौतिक र शैक्षिक रूपमा सम्पन्न विद्यालयमा आवासीय कार्यक्रम सञ्चालनका लागि पूर्व तयारीको कार्य गरिनेछ ।

१५. असहाय तथा टुहुरा बालबालिकाः सहारा बन्छ गाउँपालिका कार्यक्रम मार्फत त्यस्ता बालबालिकाको विवरण संकलन र शैक्षिक सामाग्री सहायता गर्ने नीति लिइनेछ।

१६. उच्च शिक्षा अध्ययन सहायताः आर्थिक रुपमा विपन्न तर जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि आर्थिक सहायता गर्ने नीति लिइनेछ।

१७. स्तरीय सामुदायिक पुस्तकालयको पहुँच अभिवृद्धि गर्न घोडेटार बजारमा अवस्थित घोडेटार सामुदायिक पुस्तकालाय तथा ईश्वरमान राई अध्ययन प्रतिष्ठानलाई गाउँ कार्यपालिका कार्यालय परिसरमा स्थानान्तरण गरी थप सुविधाहरुसमेत विस्तार गरिनेछ।

***शिक्षक क्षमता विकास र जनशक्ति उपयोग***

१८. नेतृत्व र प्रोत्साहन: विद्यालयको सुशासन र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रधानाध्यापकहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तासुविधाको व्यवस्था गरिनेछ।/

१९. व्यावसायिक क्षमता विकास: शिक्षण विधिलाई आधुनिक र प्रभावकारी बनाउन शिक्षक तथा कर्मचारीहरूका लागि नियमित रूपमा मागमा आधारित क्षमता विकास तालिम सञ्चालन गरिने छ।

२०. स्वयंसेवक शिक्षक र विज्ञता उपयोग: दरबन्दी नभएका तर आधारभूत तह सञ्चालन अनुमति (८-६) पाएका विद्यालयमा आवश्यकता अनुसार स्वयंसेवक शिक्षक व्यवस्थापन गरिने छ। साथै, विषयगत र इच्छुक स्वयंसेवक शिक्षकहरूको रोष्टरन र अनुभवलाई तयार गरी उनीहरूको ज्ञा (अभिलेख) गाउँपालिकाको शैक्षिक विकासमा उपयोग गरिनेछ।

***प्रविधि, प्रयोगात्मक शिक्षा र अतिरिक्त क्रियाकलाप***

२१. प्रविधिमैत्री शिक्षण: शैक्षिक प्रणालीमा रूपान्तरण ल्याउन पठनपाठन, अतिरिक्त क्रियाकलाप, शैक्षिक पात्रो, विद्यालयअभिभा-वक सञ्चार, अनलाइन सिकाइ र दस्तावेजीकरणमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरिनेछ।

२२. प्रयोगशाला र पुस्तकालय: "सबै विद्यालयको नीति अनुरूप वैज्ञानिक र डिजिटल "समृद्ध पुस्तकालय : सिकाइका लागि विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापना गरिनेछ।

२३. प्रारम्भिक बालविकास कक्षा सुदृढीकरण: बालबालिकाको जग मजबुत बनाउन बालविकास कक्षाहरूलाई तोकिएको राष्ट्रिय मापदण्ड अनुसार व्यवस्थित र सुविधायुक्त बनाइनेछ।

***सर्वाङ्गीण विकास, खेलकुद र समुदाय सहभागिता***

२४. अतिरिक्त क्रियाकलाप: विद्यालयमा विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि प्रत्येक सप्तान्तमा अनिवार्य रूपमा अतिरिक्त शैक्षिक तथा रचनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ।

२५. नेतृत्व र अनुशासन: विद्यार्थीहरूमा अनुशासन, समाजसेवा र नेतृत्व क्षमता विकास गर्न विद्यालयहरूमा स्काउट गठन र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२६. योग तथा ध्यान: मानसिक स्वास्थ्य, एकाग्रता र स्वस्थ जीवनशैलीका लागि सबै विद्यालयहरूमा नियमित योग तथा ध्यान अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. अभिभावक शिक्षा विस्तार: बालबालिकाको सिकाइमा परिवारको भूमिका बढाउन "अभिभावक शिक्षा" कार्यक्रमलाई प्रत्येकविद्यालय, वडा र टोलस्तरमा विस्तार गरिनेछ।

**ख. संस्कृति, इतिहास सम्बन्धी नीति तथा कार्यक्रम:**

***"इतिहासको संरक्षण, संस्कृतिको पुस्तान्तरण: समृद्ध हतुवागढी निर्माणमा हाम्रो प्रण"***

१. हतुवागढी क्षेत्रका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलको संरक्षण संवर्धन गरिनेछ।

२. पुरातत्व विभागसँग समन्वय गरी हतुवागढी दरबार क्षेत्रलाई संग्रहालयको रुपमा विकास गर्ने नीति लिइनेछ ।

३. हतुवागढीको इतिहासलाई संरक्षण, सम्बर्द्धन, खोज तथा अनुसन्धान गरी इतिहासको वस्तुगत प्रतिवेदन तयार गर्न कार्यदल गठन गरी हतुवागढीको ईतिहास सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरिनेछ ।

४. पूर्वाधार निर्माण गर्दा बहुसाँस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संकेतहरु निर्माण गरिनेछ।

५. साँस्कृतिक भेषभुषा तथा कलालाई पुस्तान्तरणका लागि कार्यक्रम बनाइनेछ।

६. मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

७. गाउँपालिका भित्र आयोजना हुने कार्यक्रम तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

८. पर्यटन तथा संस्कृतिलाई एक अर्कामा अन्तर आवद्धता गराउने नीति लिइनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम:**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि पालिकास्तरी खेलमैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. खेलाडी सम्मान तथा प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

३. खेलकुद कार्यक्रम संचालन कार्यविधि निर्माण गरी खेलकुद संचालनलाई व्यवस्थित गरिने छ साथै खेलकुद विकास समितीलाई सकृय बनाई नियमित खेलकुदको वातावरण सिर्जना गरिनेछ।

४. दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुन:स्थापनाको प्रबन्ध मिलाइनेछ ।

५. युवा पुस्ताको सूचना प्रविधि सम्बन्धी प्रयोगलाई मध्यनजर गर्दै साइबर सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।

६. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सीपलाई सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका कार्यक्रमसँग आवद्ध गरिनेछ।

७. उद्यमशीलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

८. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटीपार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरिबी न्यूनीकरण र जीविकोपार्जनमा सहजीकरण गरिनेछ।

## घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम:

***क्षमता र अवसरमा समानता, लैङ्गिक न्यायको प्रतिवद्धता***
***अर्थपूर्ण बालसहभागिता:समृद्ध स्थानीय शासनको विषेशता***

१. लैङ्गिक विभेद न्यूनीकरण गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पूँजि लगानी गरी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई सक्रिय रुपमा परिचालन गर्नका लागि पूर्नगठन तथा क्षमता अभिवृद्धि गरिनेछ।
५. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
७. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
९. गाउँपालिका तथा वडास्तरीय बालक्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१०. बालमैत्री स्थानीय शासन २०८३ भित्र घोषणा गर्न आवश्यक कार्यक्रमहरु तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

## ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम:

***"पोषणमैत्री हतुवागढी र नि:शुल्क स्वास्थ्य बीमाको सान;***
***सुरक्षित मातृत्व, विशेषज्ञ सेवा र निरोगी नागरिक, हाम्रो अभियान "***

१. चिकित्सकीय र प्रयोगशाला सेवा सञ्चालन गर्न प्राथमिक स्वास्थ्य केन्द्र,घोडेटारको स्तरोन्नती तथा सेवा विस्तार गरिनेछ। स्वास्थ्य केन्द्रहरुबाट स्वास्थ्य सेवा अन्तर्गत रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।
२. दरबन्दी बमोजिमको स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ ।
३. मातृ तथा शिशु पोषण सुधारका लागि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ साथै पोषणमैत्री पालिका घोषणालाई अगाडि बढाइनेछ ।
४. स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरिनेछ।
५. नागरिक आरोग्य केन्द्र तथा आँखा उपचार केन्द्रको व्यवस्थापन तथा सेवाप्रवाहलाई थप प्रभावकारी बनाइने छ साथै परम्परागत चिकित्सा पद्दतिलाई समेत प्रवर्द्धन गरिनेछ ।
६. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको वर्षमा एकपटक स्वास्थ परीक्षण गर्ने व्यवस्था मिलाइने छ।
७. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गरिनेछ ।

८. स्वास्थ्य उपचारमा अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ।
९. अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
१०. परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिने छ।
११. महिला स्वयंसेविकाहरुलाई अवकाश प्रोत्साहन तथा मासिक यातायात प्रोत्साहन उपलब्ध गराउँदै दक्षता विकास तालिम उपलब्ध गराइ उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
१२. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
१३. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।
१४. मानसिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिदैं पलिका स्तरमा उपचार, परामर्श साथै फलोअपको व्यवस्था मिलाइनेछ।
१५. नवशिशु स्वास्थ्य हेरचाहको लागी स्वास्थ्यकर्मी सहितको टिम गृहभेटमा जाने व्यवस्था मिलाइनेछ।
१६. नसर्ने रोगबाट हुने गरेको रुग्णता र मृत्युदर लाई कम गर्न स्क्रिनिङ्ग कार्यक्रमलाई प्रोत्साहन गरिने छ।
१७. मनोसामाजिक परामर्श सेवालाई स्वास्थ्य शाखासँग आवद्ध गरी निरन्तरता दिइने नीति लिइनेछ ।

**सभाका सम्पूर्ण सदस्य ज्युहरु,**

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइने छ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्यश्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
२. आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यवसायिक परिचालनका लागि सहकारी, समुदाय तथा व्यवसायीहरुसँग सहकार्य गर्न गाउँपालिकाले विशेष पहल गर्नेछ ।

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम:**

***"ग्रेटर मुन्धुम पदमार्गको विस्तार; अतिथि सत्कार र पर्यटन नै हतुवागढीको आर्थिक आधार"***

१. औद्योगिक तथा व्यवसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ।
२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
३. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यवसायिक तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने वित्तीय साक्षरता कक्षामार्फत सचेतना अभिवृद्धि गरिनेछ।
४. साना तथा घरेलु उद्योग प्रवर्धन गर्न सीप विकास तथा प्राविधिक सहायताको नीति अवलम्बन गरिनेछ।
५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना बमोजिम पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिने छ।

६. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले/विलवोर्ड राखिनेछ।
७. पर्यटकीय सडक संजाल तथा पर्यटकीय चिन्ह, संकेत, होडिङ बोर्ड लगायतको व्यवस्था र प्रचार प्रसार गरिनेछ।
८. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिने छ।
९. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोसरहरुको वितरण गरिनेछ।
१०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
११. पदमार्गमा आधारित पर्यटन विकास आयोजना अन्तरगत साकेन्वा महोत्सव एवम् मुन्धुम ट्रेल अल्ट्रा रेस २०२७ सञ्चालन गरिनेछ।
१२. ग्रेटर मुन्धुम पदमार्गको विस्तार सँगै अथिति सत्कार र रैथाने खानाका परिकारको प्रयोग हुने गरी होमस्टे तथा होटलहरुको सञ्चालन तथा व्यवस्थापनका लागि युवाहरुलाई प्रोत्साहन गरिनेछ।
१३. हतुवागढी भरिका सडकको दायाँवायाँ र आसपास वहुवर्षे फलफूल तथा सुगन्धित र आकर्षक फूलहरुको सजिसजाउ गर्ने नीति लिईने छ साथै सोको कार्यक्रम सार्वजनिक स्थान तथा सरकारी कार्यालयमा समेत लागु गर्नका लागि अभिमूखिकरण तथा आह्वान गरिनेछ।
१४. हतुवागढीको पर्यटन विकासका लागि विभिन्न सार्वजनिक स्थल, फलैचा, बिसौनी लगायतका छेउछाउमा स्वच्छ पिउने पानीको व्यवस्थाका लागि आवश्यक कार्यक्रम अगाडि बढाइने छ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम:**

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्दी गरिनेछ। तीनै तहका सरकारबीच समन्वयमा व्यसायिक खेती, सामुहिक खेती, करार खेतीलाई प्रवर्धन गरि उत्पादन वृद्धि गर्न भुमिको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ।
२. कृषकहरुलाई कृषकहरुकै मागमा बमोजिमको तालिम तथा कार्यक्रमहरु प्रदान गरिनेछ।
३. विषादीको अनुचित र बढ्दो प्रयोगको मानव स्वास्थ्य र पर्यावरणलाई पर्ने नकरात्मक असरलाई न्यूनिकरण गर्न विषादीको सचेतनासँगै प्राङ्गारिक तथा जैविक मल तथा विषादीको उत्पादन र उपयोगलाई प्रोत्साहन गरिनेछ।
४. अकबरे खुर्सानी खेतीलाई प्रोत्साहन गरिनेछ। अकबरे खुर्सानी खेती गर्न सकिने प्राविधिक रुपमा उपयुक्त स्थानहरुको पहिचान गरि क्लस्टर निर्माण गरि खेती गर्न विषेश कार्यक्रम संचालन गरिने छ।
५. विषादीको अनुचित र बढ्दो प्रयोगको मानव स्वास्थ्य र पर्यावरणलाई पर्ने नकरात्मक असरलाई न्यूनिकरण गर्न विषादीको सचेतनासँगै प्राङ्गारिक तथा जैविक मल तथा विषादीको उत्पादन र उपयोगलाई प्रोत्साहन गरिनेछ।
६. अर्गानीक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ।
७. विभिन्न बालीहरुको पकेट तथा ब्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउँदै लगिनेछ।

८. कफी खेतीको प्रवर्धन र क्षेत्र विस्तार गरिनेछ।

९. व्यवसायिक किटपालन लाई प्रवर्धन गरिनेछ। (मौरी)

१०. रैथाने बाली, विउविजन, नश्ल र कृषि तथा पशुपन्छीजन्य जैविक विविधता संरक्षणमा समुदायलाई प्रोत्साहन गरिनेछ।

११. कृषिलाई उत्पादन र रोजगारको माध्यमबाट कृषिलाई आकर्षक पेशाको रुपमा विकास गर्न अतुलनिय योगदान पुर्याउने उत्कृष्ठ कृषकहरुलाई ससम्मान पुरस्कारको व्यवस्था गरिनेछ। -

१२. कृषिमा युवाहरुलाई आकर्षित गर्न युवा उद्यमीहरुलाई स्थानीय संभावना तथा तुलनात्मक लाभ समेतलाई दृष्टिगत गरी युवा लक्षित कार्यक्रमहरु सन्चालन गरिनेछ।

१३. विपन्न वर्ग, दलित तथा महिला वर्गवाट कृषि तथा पशुपालन गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ तथा सो वर्गबाट कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष प्राथमिकता दिइनेछ।

१४. पहिचान गरिएका गरिब घरधुरीहरुलाई लक्षीत गरेर जिविकोपार्जनका कार्यक्रमहरु सन्चालन गरिनेछ।

१५. बैदेशिक रोजगारवाट फर्की पालिकामै कृषि तथा पशुजन्य व्यवसाय गर्ने व्यक्ती, समुह,सहकारी तथा फर्महरुलाई साझेदारीमा मागमा आधारीत अनुदानका कार्यक्रमहरु प्रदान गरिनेछ।

१६. गुणस्तरीय बीउविजन, बेर्नामा यस गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ।

१७. कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा प्रोत्साहन गर्दै यान्त्रिकरण तथा व्यवसायिकरण गरिनेछ।

१८. कृषकहरुलाई रसायनिक मलको अभाव हुन नदिन संघिय तथा प्रदेश सरकारसँग समन्वय गरिने छ।

१९. कृषि तथा पशुपन्छी बीमालाई प्रवर्द्धन गर्न विशेष प्राथमिकता दिईनेछ। बीमालाई प्रभावकारी बनाउन बीमा सचेतना तथा पशुपन्छीपालन क्षेत्रमा पालिकाले प्रवाह गर्ने अनुदानमा पशुवस्तुहरुको अनिवार्य रुपमा बीमा गर्नुपर्ने साथै पालिकाले प्रवाह गर्ने रुलाख वा सो भन्दा १० . बढीको कृषि कार्यक्रमहरुको अनिवार्य रुपमा कृषि बीमा गर्नुपर्ने निती लागु गरिनेछ।

२०. संघिय र प्रदेशको सहकार्यमा पालीकामा एक शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरि किसानको उत्पादनलाई वजारीकरण गरिनेछ।

२१. संघिय र प्रदेश सरकारले कायम गरेका लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न समन्वय र सहकार्यको आधारमा कार्यक्रम तर्जुमा गर्ने निति अवलम्बन गरिनेछ।

२२. गाउँपालिकाको कृषि विकासको लागी तयार भएको रणनिति, आवधीक योजनालाई समेट्ने गरि कार्यक्रम सन्चालनका लागि योजना तयार गरीनेछ।

२३. कृषि उपजको बजारीकरणका लागी संघिय सरकार तथा प्रदेश सरकारसँग सहकार्य गरि उत्पादनोपरान्तका क्रियाकलापहरु सहज तुल्याउन सहकारी सरकारी क्षेत्रको - निजि - साझेदारिमा पोष्ट हार्भेष्ट सेन्टर, प्रशोधन केन्द्र आदी पुर्वाधारहरुको विकास र विस्तार गरिनेछ।

२४. उपयोगमा नआएका तथा वाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न सहकारी तथा सामुदायीक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।

२५. भौगोलीक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिँचाई प्रविधि मार्फत वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराइनेछ। सिँचाईका कुलोहरुलाई क्रमागत सम्पन्न गर्दै लगिनेछ।

२६. साना सिँचाई कार्यक्रमसँग समन्वय गरि यस अन्तर्गत गठित जल उपभोक्ता समितिहरुलाई थप सहयोग गरिनेछ।

२७. व्यवसायिक कृषि, घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिइनेछ।

२८. कृषि, वन, पर्यटन प्रबर्द्धनका कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ।

२९. जलवायू परिवर्तनका असरलाई न्यूनिकरण एवं अनुकुलनका उपायहरु अवलम्बनलाई प्राथमिकताका साथ अगाडी बढाउन जलबायू मैत्री कृषि प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

३०. सहकारीमा आधारीत कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिइनेछ।

३१. सरकारी अनुदान प्राप्त गर्ने अनुदानग्राहिहरुले अनुदानको रकम अपचलन गरेमा अनुदान रकम सरकारी बाँकि सरह असुल उपर गर्नुका साथै कालो सुचीमा राखीनेछ।त्यस्तो कृषक समुह, सहकारी वा व्यक्तीलाई कुनै पनि प्रकारको सरकारी अनुदान सुविधा प्रदान वा सिफारीस गरिने छैन।यसका लागी नियमित अनुगमन गरि आवश्यक पृष्ठपोषण गर्न अनुगमन संयन्त्र गठन गरिने छ।

३२. व्यवसायिक पशुपालन ,मासु उत्पादन, दुग्ध उत्पादनमत्स्यजन्य उत्पादन , तथा पोल्ट्रीजन्यवस्तुको उत्पादनलाई प्रोत्साहन गरि आत्मनिर्भरतातर्फ उन्मुख गराइनेछ।

३३. कृत्रिम गर्भाधान तथा प्राकृतिक नश्ल सुधार लगाएतका कार्यक्रमहरुलाई नियमित गरिने छ।

३४. पशु स्वास्थ्यमा सुधार गर्न पशु चिकित्सा कार्यक्रम, पशु खोप कार्यक्रमलाई संस्थागत गर्दै लगिनेछ।

३५. दुध तथा दुग्धजन्य पदार्थको विक्री वितरणलाई सुव्यवस्थित गर्न सहकारी तथा नीजि क्षेत्रलाई डेरी फार्म संचालन तथा क्षमता अभिवृद्धिका लागि प्रशोधन उपकरण, दुग्ध विश्लेषण यन्त्र तथा चिलिङ्ग भ्याटमा अनुदान उपलब्ध गराईनुका साथै दुग्ध उत्पादन गरि विक्री गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ।

३६. पशुपन्छी पालनको व्यवसायीकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ।

३७. व्यवासयिक बंगुरपालन तथा रैथाने जातको पुढी सुँगुरपालन, लोकल कुखुरापालनलाई व्यवासायिकिकरण गर्न विषेश कार्यक्रम ल्याइनेछ।

३८. गत आ .व.२०८२/०८३ मा पाईलट प्रोजेक्टको रुपमा संचालन भएको भेडापालन प्रवर्धन कार्यक्रम सफल भएको हुदाँ भेडापालनको थप क्षेत्रविस्तार गरिनेछ।

३९. गाउँपालिका भरि देखा परेका लम्पी स्कीन रोग , मकैमा अमेरिकन फौजी किराको प्रकोप, अदुवामा गानो कुहिने रोगको नियन्त्रणका लागि कार्यक्रमहरु सन्चालन गरिनेछ।

४०. हतुवागढी गाउँपालिका तथा पालिका अन्तर्गतका कार्यालयहरुले आयोजना गर्ने सभा, गोष्ठी, तालिम, बैठक तथा अन्य कार्यक्रमहरुमा प्रयोग हुने खाना, खाजा तथा कोल्ड ड्रिङ्कसहरु स्थानीयस्तरमा उत्पादन भएको कृषि उपज तथा दुग्धजन्य पदार्थहरुनै प्रयोग गर्न विषेश प्राथमिकता दिइनेछ।

४१. उद्यमीको उत्पादनलाई प्रोत्साहन गर्दै गा. पा. भित्र कुशल उद्यमीको विकास गरिनेछ।

४२. स्थानीय घरेलु उद्योगको मागमा आधारीत कच्चा पदार्थको उत्पादन गरि लघु उद्यमिलाई प्रोत्साहन गरिनेछ ।

४३. वैदेशिक रोजगारीको क्रममा आर्जन गरेका ज्ञान र सीपसहित पुँजीको लगानी गरि कृषि उद्यमी तथा उद्यमी बन्न चाहाने व्यक्तीहरुलाई प्रोत्साहन गरिनेछ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह नीजि फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमती जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालनका माध्यमबाट रोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

४. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानीको वातावरण सिर्जना गरिनेछ।

**घ. रोजगार सम्बन्धी नीति तथा कार्यक्रम**

१. आन्तरिक उत्पादन बढाइ आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

२. गाउँपालिका क्षेत्रमा रहेका बेरोजगारहरुको तथ्याङ्क संकलन गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिनेछ र संघ सरकार सँगको सहकार्यमा सार्वजनिक पूर्वाधार निर्माण, व्यवस्थापनमा रोजगारी प्रदान गरी बैँक खाता मार्फत सोझै भुक्तानी गरिनेछ।

३. गरीब तथा विपन्न नागरिक पहिचान गरी सामुदायिक पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापनमा प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ।

४. स्थानीय जनताको क्षमता अभिवृद्धि गरी दिगो रुपमा स्वरोजगार हुन प्रेरित गरिनेछ।

५. गाउँपालिका क्षेत्रभित्र तीन तहका सरकारको सहकार्यमा संचालन हुने विकास निर्माणका कार्यमा आवश्यक दक्ष तथा अदक्ष श्रमिक रोजगार सेवा केन्द्रबाट माग गरी आन्तरिक रोजगार प्रवर्द्धन गरिने छ।

६. स्थानीय तहभित्र परम्परागत सीपमा आधारित उत्पादनमूलक पेशा व्यवसायहरुलाई आधुनिकिकरण गरी थप प्रोत्साहन गरिनेछ।

**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

***"डिजिटल प्रविधि र खुला सञ्चार: सुशासन र पारदर्शिता, समृद्धिको आधार"***

१. सञ्चार संस्थाहरूसँगको सहकार्यमा गाउँपालिकाका निर्णय र जनहितकारी सूचनाहरूलाई आम नागरिकसम्म पुर्‍याई ***'ओपन गभर्मेन्ट'*** को नीति लिइनेछ।

हतुवागढी गाउँपालिका

२. गाउँपालिका क्षेत्रभित्रका स्थानीय पत्रपत्रिका, रेडियो र अनलाइन मिडियाहरूको व्यवसाय प्रवर्द्धनका लागि विज्ञापन र सूचनामा उनीहरूलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरूको सूचना पाउने संवैधानिक हकको सम्मान गर्दै गाउँपालिकालाई पूर्ण रूपमा सूचनामैत्री बनाइनेछ।

४. ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको पहुँच र गुणस्तर सुधार्न सेवा प्रदायकहरूसँग समन्वय गरी सेवाको क्षमता विकासका पहलहरू गरिनेछ।

५. गाउँपालिकाका सूचना, गतिविधि तथा सेवाहरूको नियमित प्रचार–प्रसारका लागि आधिकारिक वेबसाइट, सामाजिक सञ्जाल तथा मोबाइल एसएमएस प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

६. विपद्, आपतकालीन अवस्था तथा जनचासोका विषयमा छिटो सूचना प्रवाह गर्न डिजिटल सूचना प्रणालीको विकासका लागि प्रयत्न गरिनेछ।

७. गाउँपालिकाका हरेक सेवाहरूमा सूचना प्रविधिको व्यापक प्रयोग गरी सुशासन सुनिश्चित गरिनेछ।

८. कार्यालयमा अनुशासन र समयपालना सुनिश्चित गर्न पुराना म्यानुअल हाजिरीलाई पूर्ण रूपमा विस्थापित गरी विद्युतीय हाजिरी प्रणाली लागू गरिनेछ।

९. सूचना प्रविधि सञ्चालनमा देखिने विद्युत अवरोध तथा भोल्टेज अस्थिरताको स्थायी समाधानका लागि आवश्यक पूर्वाधार *(जस्तै UPS, Inverter, Stabilizer तथा वैकल्पिक ऊर्जा)* व्यवस्थापन गरिनेछ।

१०. साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न आवश्यक सुरक्षा मापदण्ड, डेटा सुरक्षा नीति तथा ब्याकअप प्रणाली लागू गरिनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम:

***"न्यायिक सहायता, क्षमता विकास र मेलमिलापबाट शीघ्र न्याय सम्पादन
मानव अधिकारको प्रवर्द्धन, हतुवागढीको सुशासन र निष्पक्ष अभियान"***

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक सहायता कक्ष तथा न्यायिक सहजकर्ताको व्यवस्थापन गरिनेछ ।

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम साथै न्यायिक विमर्श तथा छलफलका कार्यक्रमलाई अगाडी बढाइनेछ ।

## ५. सुशासन, संस्थागत क्षमता विकास तथा सार्वजनिक सेवा सम्बन्धि नीति तथा कार्यक्रम:

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था सहितका विवरणहरु समावेश गरी उक्त तथ्यांक अनुसारको विद्युतीय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile) अद्यावद्यिक गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाइनेछ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममूखी बनाइनेछ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शीता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ।

८. गाउँपालिकाबाट प्रवाह हुने सबै सेवाहरु सफ्टवेयर निर्माण गरी अनलाइन मार्फत सञ्चालन गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिइनेछ।

९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ।

१०. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामूखी तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ६. वन जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन ,वातावारण ,सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. ***"परिवार संख्या बराबर, घर आँगनमा फुलबारी भराभर"*** नीति बमोजिम परिवार संख्या बराबर प्रत्येक घर, आँगन, सडक छेउ तथा सार्वजनिक स्थलहरुमा फूल रोपी वातावरण संरक्षण तथा सरसफाई कार्यक्रम अगाडी बढाइनेछ।

२. हतुवागढी वडा नं. १, २, ५ र ६ को लागि कावाखोला र पिखुवाखोलाबाट लिफ्ट सिस्टमबाट खानेपानी योजनालाई पुरा गराउन जोड दिइने तथा वडा नं. ७, ८ र ९ को लागि खानेपानी आयोजना निर्माणको

लागि पहल गरिनेछ साथै संचालित खानेपानी आयोजनाहरुमा सौर्य उर्जाबाट संचालन गर्नका लागि सम्भाव्यता अध्ययनको थालनी गरिनेछ।

३. स्वच्छ र सफा खानेपानीको लागि ***"एक घर एक धारा"*** मिटर प्रणालीलाई स्तरोन्नती सहित थप वडाहरुमा विस्तार सुरु गरिनेछ।

४. ***"स्थानीयको पानी सरकारको लगानी"*** भन्ने नाराका साथ खानेपानीका मुहान सर्भे गरी बृहत खानेपानी आयोजना सञ्चालनका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ।

५. खानेपानीको स्रोत पहिचान गरि खानेपानीको शुद्धता परिक्षण गरिनेछ।

६. पानीको अभाव भएका विद्यालयहरुमा सरसफाइ, शौचालय, फूलबारी र बगैचाको लागि आकाशे पानी संकलनको आवश्यक व्यवस्था गरिनेछ।

७. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको वितरणको व्यवस्था मिलाइनेछ।

८. जलाधार संरक्षणका लागि ***"एक गाउँ एक पोखरी"*** कार्यक्रमबाट निर्मित पोखरीलाई सैरक्षण गरिने छ। जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

९. विभिन्न स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

१०. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्यमा समुदायलाई उत्प्रेरित गरिनेछ।

११. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१२. फोहोरमैला व्यवस्थापनका लागि Landfield site को स्तरोन्नती गरिनेछ।

१३. अस्पताल जन्य फोहोरलाई व्यवस्थित गरिने छ ।जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा दण्ड सजाय गर्ने नीति लिइनेछ।

१४. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

***"पूर्व-तयारी र प्रविधिको प्रयोग: विपद् न्यूनीकरणमा समुदायको सहयोग"***

१. सामुदायिक तथा निजी वनको दर्ता अभिलेख तथा कार्ययोजना स्वीकृतिलाई व्यवस्थित एवमं अनिवार्य बनाइनेछ।

२. वन तथा वन्यजन्तुको संरक्षणका लागि आगलागी तथा चोरी सिकारी हुन नदिन आवश्यक कदम चालिने छ।

३. बाँदर, भालु लगायत जंगली जीवजन्तुबाट बालीमा हुने क्षति न्युनीकरणका लागि आवश्यक कदम चालिने छ।

४. ढुंगा, गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत उत्खननलाई नियन्त्रण गर्दै सोबाट आन्तरिक आय बढोत्तरी गर्ने नीति लिइनेछ।

५. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) बमोजिम गरिने छ।

६. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

७. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ।

८. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पूनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

९. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१०. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनरुत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१२. विपद् सम्बन्धि तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१३. विपद् जोखिम न्यूनिकरण साथै उद्दार, राहत तथा प्रतिकार्यलाई चुस्त बनाइनेछ।

## ७. भौतिक पूर्वाधार विकास (सडक, भवन, बस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम:

### क. सडक पूर्वाधार:

***"कालोपत्रे सडक निर्माणमा केन्द्र र प्रदेश सरकारको जिम्मेवारी: स्थानीय सरकारको नियमित खबरदारी"***

१. घोडेटार–चुवार सडक अन्तर्गत २२.५ कि.मी. सडक आयोजनाको पक्की गर्ने कार्यक्रम एडिबीको सहयोगमा आर.सि.आई.पी. मार्फत अगाडि बढिरहेको र सो को निर्माण अपेक्षित गतिमा नभएकोले निर्माण कार्यलाई तीव्रता दिन ध्यानाकर्षण गराइनेछ ।

२. घोडेटार–कावाखोला भोजपुर सदरमुकाम जोड्ने सडक, घोडेटार–सुनबालुवा धनकुटा जोड्ने सडकलाई प्राथमिकता दिई स्तरोन्नती गर्न प्रदेश-केन्द्र सरकार समक्ष अनुरोध गरिनेछ ।

३. गाउँपालिकाका सबै वडालाई समेट्ने गरी पुरानो तृतीया दितेनी लुङ्गिन सल्ले सोया लुङथुङ पिप्ले करमडाँडा हसनपुर खुकैला सिन्द्राङ फलामढुङ्गा सडकलाई हतुवागढी चक्रपथको रुपमा विकास गर्न संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा विभिन्न खण्डमा सडक निर्माण आयोजना सञ्चालन गर्दै गाउँपालिकाभित्र चक्रपथ निर्माण अवधारणालाई निरन्तरता दिइनेछ ।

४. वडा केन्द्रहरु वडा नं १ सल्ले र २ को लुंगिनलाई घोडेटार–कावा सडकले, वडा नं. लाई ङ्गसिन्द्रा ३ घोडेटार–पुरानो तृतीयाले, वडा नं ४, ७, ८ र ९ लाई घोडेटार–चुवार सडकले र वडा नं . लाई घोडेटा ६र ५र सुनबालुवा सडकले जोड्दै वडा केन्द्रहरुलाई जोड्ने सडकहरुलाई सवारी सन्चालन हुने गरी बाह्रै महिना चल्ने गरी स्तरोन्नती गरिनेछ ।

५. चलायमान सडकलाई स्तरोन्नती कार्य अगाडी बढाइनेछ । गाउँपालिका केन्द्रदेखि वडासम्मको सडकलाई ग्राभेल गर्ने योजना अगाडी बढाउन संघ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।

६. सदरमुकाम जोड्ने सडक तथा तराई जोड्ने सडकलाई उच्च प्राथमिकताका साथ स्तरोन्नती तथा कालोपत्रेको योजना अगाडी बढाइनेछ ।

७. नयाँ ट्र्याक खोल्ने कार्यलाई अत्यावश्यक बाहेक निरुत्साहित गरिनेछ ।

८. वडाका महत्वपूर्ण स्थल, कृषि उत्पादन र निर्माणकार्यको कच्चा पदार्थ रहेका साथै महत्वपूर्ण पर्यटकीय क्षेत्रमा सडक सञ्जाल पुर्याइनेछ ।

९. गाउँपालिका सडक गुरुयोजना अद्यावद्यिक गरी निर्माण भएका सबै सडकहरुको लगत संकलन, वर्गीकरण, दस्तावेजीकरण, सडक क्षेत्राधिकार र जग्गाधनी लगत कट्टा गरिनेछ।
१०. सर्भे भएका साना सडकहरुमा स्थानीयहरुको माग बमोजिम निश्चित सहभागिता अनिवार्य गरिनेछ।
११. निर्माण भई सकेका सडकहरुको वर्गीकरण गरी स्थानीय सडकहरु मर्मत संभार गर्ने नीति बनाइनेछ।
१२. घोडेटार बजारमा ढल निकास तथा सडक सोलिङ्ग क्रमशः विस्तार गरिनेछ।

**ख. आवास तथा भवन**

१. आवास योजना र वस्ती विकास योजना साथै घरनक्सा पास कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. गरिब घरपरिवारलाई फूसको छाना हटाउने कार्यक्रम अन्तगत जस्तापाता वितरण कार्यक्रम सञ्चालन गरी हरेक नागरिकलाई सुरक्षित आवासको प्रत्याभूति दिलाइनेछ।
३. भुमिहीन दलित, भुमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुलाई भुमि समस्या समाधान समितिको समन्वयमा आवश्यक जग्गा उपलब्ध गराई लालपूर्जा वितरण गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्यान्वयन प्रक्रिया अगाडी बढाइनेछ।
४. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने ।
५. गाउँपालिकाको वडा तथा स्वास्थ्य चौकीको भवन निर्माण लगायतका आयोजनालाई गाउँपालिकाका गौरवको आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
६. गाउँपालिकामा सभागृह, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृह तथा सामुदायिक भवनमा संचालन गर्न प्राथमिकता दिइने ।
७. विगत देखिका निर्माणाधिन १५ शैया अस्पताल र वडा नं ३ र ९ कार्यालय भवन सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
८. सुरक्षित एवं व्यवस्थित आवास तथा भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
९. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
१०. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा सेट ब्याक र सडक अधिकार क्षेत्र कायम गरी सडक मापदण्ड कार्यान्वयन गरिनेछ।
११. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।
१२. निर्माणाधिन बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व. बाट प्रयोगमा ल्याइनेछ।
१३. गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वार तथा होडिङ बोर्डहरुकको क्रमशः निर्माण गरिनेछ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम:**

***"आन्तरिक राजस्वमा वृद्धि, हतुवागढीको आर्थिक समृद्धि"***

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
२. सम्पति कर व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण तथा अभिमूखीकरण गरिनेछ।



हतुवागढी गाउँपालिका

३. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन तथा आन्तरिक राजस्व वृद्धिका लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

५. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिनेछ।

९. नेपाल सरकारले तोकेबमोजिम आन्तरिक राजस्व सम्बन्धी सेवा गाउँपालिका बाट नै चुस्त र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१०. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न राज्यको नीति अनुरुप डिजीटल कर प्रणाली लागू गरिनेछ।

***धन्यवाद ।।***

<u>आज्ञाले:</u>
महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

हतुवागढी गाउँपालिका